गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# पर्यटन तथा उद्योग कार्यालय

## पर्वत

प.सं.: २०८१/०८२
च.नं.: ९४९

मितिः २०८१/०५/२७

श्री विहादी गाउँपालिका,
पर्वत ।

विषयः होमस्टेको नवीकरण सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँबाट हस्तान्तरण भइ हाल यस कार्यालयको स्वामीत्वमा आएका तहाँ स्थानीय तह अन्तर्गतका होमस्टेहरूको विवरण तपसिल अनुसार रहेको छ । गण्डकी प्रदेश पर्यटन नियमावली, २०७९ को नियम ७१ मा होमस्टेहरूले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरण गर्नुपर्ने अन्यथा नवीकरण दस्तुरको शत प्रतिशत रकम जरिवाना लाग्ने व्यवस्था रहेको, तर उक्त होमस्टेहरू हालसम्म नवीकरण हुन नआएको र सम्पर्क नम्बर समेत नभएको कारण सो सम्बन्धमा जानकारी गराउन समस्या परेको हुँदा तहाँ मार्फत् जानकारी गराइदिने व्यवस्थाका लागि सहयोग गरिदिनु हुन अनुरोध छ ।

तपसिल

| क्र.स. | होमस्टेको नाम | ठेगाना | सामुदायिक/ निजी | अध्यक्ष/प्रोप्राइटर |
|---|---|---|---|---|
| १ | सालडाँडा सामुदायिक होमस्टे | विहादी गा.पा.१,वाच्छा | सामुदायिक | गणेश बहादुर गुरुङ |
| २ | अशोक गुरुङ निजी होमस्टे | विहादी गा.पा.१,वाच्छा | निजी | अशोक गुरुङ |
| ३ | बच्छेश्वर सामुदायिक होमस्टे | विहादी गा.पा.१,उराम | सामुदायिक | चन्द्र बहादुर गुरुङ |
| ४ | डाँडा घरे होमस्टे | विहादी गा.पा.१,उपल्लो बाच्छा | निजी | नविन गुरुङ |
| ५ | शितल गुफा | विहादी गा.पा.२, वराचौर | सामुदायिक | धन बहादुर क्षेत्री |
| ६ | शिला शालिग्राम | विहादी गा.पा.२ शालिग्राम | सामुदायिक | प्रेम बहादुर थापा |
| ७ | गेप्ताङ सामुदायिक होमस्टे | विहादी गा.पा.५, शालिग्राम | सामुदायिक | कुमारी थापा |
| ८ | शालिग्राम छाप | विहादी गा.पा.६, शालिग्राम | सामुदायिक | तारा बहादुर थापा |

नवीकरणका लागि आवश्यक पर्ने कागजातहरू:

- गत आ.व.को करचुक्ता प्रमाणपत्र (सामुदायिक होमस्टेको हकमा लेखा परीक्षण प्रतिवेदन समेत)
- नवीकरण र अद्यावधिक गर्ने सम्बन्धी होमस्टे व्यवस्थापन/सञ्चालक समितिको बैठकको निर्णय
- समग्र क्रियाकलापसहितको वार्षिक प्रगति प्रतिवेदन
- हालको पर्यटन नियमावली जारी हुनुपूर्व प्रचलित नियमानुसार दर्ता भएका होमस्टेहरूले नवीकरण गर्नुपूर्व यस कार्यालयमा अद्यावधिक गर्नुपर्नेछ । अद्यावधिक गर्नका लागि कम्तीमा १० जना घरधनीको आ-आफ्नो घरमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिबद्धता पत्र, होमस्टे सञ्चालकको जग्गाधनी प्रमाणपुर्जा, नागरिकताको प्रमाणपत्र, वडाको सिफारिस र सोही अनुसारको होमस्टेको विधान पेश गर्नुपर्नेछ ।

२०८१/५/२६
अशोक कुमार नेपाली
कार्यालय प्रमुख

विहादी गाउँपालिका
वहाकीठाँटी, पर्वत
दर्ता नम्बर : २८३
दर्ता मिति : २०८१/०५/२८